"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्ति विद्यार्थीहरु एकजुट होऔं ।"

# अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन

जिल्ला कमिटि रामेछाप

स्था. २०२२

## ALL NEPAL NATIONAL FREE STUDENT'S UNION

District Committee Ramechhap

Est. 2022

मिति : २०८०।०२।०१

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप ।

**विषयः ज्ञापन पत्र ।**

नेपाली विद्यार्थी आन्दोलनको सुपरिचित नाम हो अनेरास्ववियु ! हरेक किसिमको महत्वपूर्ण परिवर्तनको खातिर आफ्नो प्राण समेत दिन पछि नपरी आन्दोलनको सवैभन्दा अग्रपङ्तिमा रक्त रञ्जित कलम र तारा अंकित झण्डा फरफराउँदै सडक वाघको रुपमा स्थापित अनेरास्ववियु अनेकौं कोणवाट हेर्दा देशको सवैभन्दा ठूलो प्रगतिशिल, देशभक्त, देशको अस्मिताको संरक्षकको रुपमा स्थापित भएको संगठन हो । अनेरास्ववियु हिजोको राजतन्त्र, पञ्चायति व्यवस्थाको विरुद्धमा होस् वा लोकतन्त्र, गणतन्त्र प्राप्तीको आन्दोलनमा किन नहोस्, नेपालको विभिन्न क्षेत्रमा सिमा मिचिने जस्तो राष्ट्रघाती कदमको विरुद्धमा होस्, शैक्षिक आन्दोलनको मात्र नभई विसंगति, विकृति, लैङ्गिक तथा जातीय विभेदको विरुद्धमा निरन्तर आफ्नो आवाजलाई वुलन्द पार्दै आई रहेका छन् । आम नेपाल विद्यार्थी तथा जनताको प्रिय वन्न सफल शैक्षिक सामाजिक, राजनैतिक परिवर्तनको सम्वाहक देशको कुशल संगठनको नाम हो अनेरास्ववियु । यसै अनेरास्ववियुको अग्रसरतामा विभिन्न शैक्षिक आन्दोलनहरु भई विद्यार्थीहरुको हक हितमा उक्त आन्दोलनबाट स्थापित एजेन्डाको कार्यान्वयनको लागि संगठन अघि वढि रहेको अवस्थामा यस कार्यालय मार्फत पनि तपसिलमा उल्लेखित हाम्रा मागहरु पूरा गर्नका लागि आवश्यक पहल गरिदिन हुन अनेरास्ववियुको ५९ औं स्थापना दिवसको उपलक्ष्यमा यसै ज्ञापन पत्र मार्फत हार्दिक अनुरोध गर्दछौं ।

**तपसिलः**

- विद्यार्थीहरुलाई यातायात प्रयोग गरे वापत ४५% छुटको कडा कार्यान्वयन गर्नुपर्ने ।
- सरकारी विद्यालयहरुमा अनेक वहानामा लिइएको शुल्क अविलम्व खारेज गर्नुपर्ने ।
- विद्यालय परिसर वरपर रहेका खाजा घर, होटल, किराना पसलहरुमा सूर्तिजन्य पदार्थको विक्रि वितरण रोक लगाउनु पर्ने ।
- नेपाल सरकारबाट प्रदान गरिने छात्रवृत्तिको सूचना सवै शैक्षिक संस्थाहरुले वेवसाईडमा राखी छनौट प्रकृया स्वच्छ र निष्पक्ष हुनुपर्ने ।
- हरेक शैक्षिक संस्थाहरुमा छात्राहरुको लागि सेनेटरी प्याड विसर्जन गर्ने स्थानको व्यवस्था गर्नुपर्ने ।
- जिल्लाका सवै शैक्षिक संस्थाहरुमा प्रविधियुक्त शिक्षा सञ्चालन गरिनुपर्ने, इन्टरनेट र कम्प्युटरको अनिवार्य व्यवस्था हुनुपर्ने ।
- शुद्ध खानेपानी, खेलमैदान र अपाङ्गमैत्री शौचालयको व्यवस्था हुनुपर्ने ।

हार्दिक अभिवादन

.....................

पुष्कर भट्टराई
सचिव